# स्थानीय राजपत्र

खण्डः३ | संख्याः १७ | मितिः २०८२/०३/२२

## भाग-१

तुम्बेवा गाउँपालिका, पाँचथरद्वारा प्रकाशित

तुम्बेवा गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२/०८३

गाउँ सभाबाट स्वीकृत मितिः २०८२/०३/१०

# तुम्बेवा गाउँपालिका, पाँचथरको विनियोजन ऐन, २०८२/०८३

**गाउँसभाबाट स्वीकृत मिति: २०८२/०३ /१०**

# तुम्बेवा गाउँपालिका

## पाँचथर

**कोशी प्रदेश, नेपाल**

**तुम्बेवा गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावनाः**

तुम्बेवा गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम तुम्बेवा गाउँसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम **"तुम्बेवा गाउँपालिकाको विनियोजन ऐन, २०८२/०८३"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु ४१,१८,६५,२६७- ( एकचालिस करोड अठार लाख पैसठी हजार दुई सय सट्सट्ठी** मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त तुम्बेवा गाउँपालिका गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशत मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

# आ.व.२०८२/०८३को लागि

**रु. हजारमा**

| **क्र. सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगतखर्च** | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ९ करोड २९ लाख ५४ हजार २६७ | ५ करोड ६४ लाख २ हजार | | १४ करोड ९३ लाख ५६ हजार २६७ |
| २ | | वडा समिति | ७९ लाख २ हजार | १ करोड ४५ लाख ९८ हजार | | २ करोड २५ लाख |
| ३ | | विषयगत शाखा | १ करोड ४९ लाख | १० लाख | | १ करोड ५९ लाख |
| ४ | | संघ सशर्त समपुरक र विशेष | १८ करोड १५ लाख | २ करोड ४५ लाख | | २० करोड ६० लाख |
| ५ | | प्रदेश सशर्त समपुरक र विशेष | २७ लाख ८५ हजार | १ करोड ५३ लाख २४ हजार | | १ करोड ८१ लाख ९ हजार |
| **जम्मा** | | | **३० करोड ४१ हजार २६७** | **११ करोड १८ लाख २४ हजार** | | **४१ करोड १८ लाख ६५ हजार २ सय ६७ मात्र** |

आज्ञाले
केशव कुमार थापा
नि. प्रमुख प्रशासकीय अधिकृत